नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

(.................................... शाखा)

मान्यता, समीक्षता तथा मूल्याङ्कन

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०८१/०८२

चलानी नं.:-

मितिः- २०८१/१०/०६

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

**विषय :- स्वीकृत मूल्य मापदण्ड कायम गर्ने गराउने सम्बन्धी सूचना।**

शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा ८ तथा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ६ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक/ थप पाठ्यसामग्री (डिजिटल सिकाइ सामग्री समेत) लागु गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस केन्द्रबाट शैक्षिक सत्र २०८२ का लागि पाठ्यपुस्तक छपाई र थप पाठ्यसामग्री प्रयोगका निम्ति अनुमति/स्वीकृति सम्बन्धी कार्य भइरहेको सन्दर्भमा कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी मूल्य मापदण्डमा एकरुपता नभएका पाठ्यसामग्रीहरु प्रयोग नगर्न नगराउनका लागि सरोकारवालाहरूबाट प्राप्त भएका सुझावप्रति यस केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ सबै प्रकारका विद्यालयहरूका प्रारम्भिक बालविकास र शिक्षादेखि कक्षा बाह्रसम्म नेपाल सरकारले तोकेको मूल्य मापदण्डमा एकरूपता कायम भई यस केन्द्र र स्थानीय तहबाट (स्थानीय पाठ्यक्रम अनुसार तयार भई विकसित ) स्वीकृति प्राप्त गरेका पाठ्यसामग्रीहरु मात्र प्रयोग गर्न सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध छ। साथै स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरू यस विषयमा समयमै सजग भई कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा आवश्यक सहयोग तथा समन्वयका लागि अनुरोध छ। आगामी शैक्षिक सत्र २०८२ मा अनुगमनका क्रममा कानुनी व्यवस्थाको बर्खिलाप हुने गरी पाठ्यपुस्तक /पाठ्यसामग्री (डिजिटल सिकाइ सामग्री समेत) को मूल्य मापदण्डमा एकरूपता नभएको पाइएमा सम्बन्धित निकायबाट कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।